# स्थानीय सरकार
# चौविसे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## राजारानी, धनकुटा

प.सं. :- २०८१/८२
च.नं. :-

*कोशी प्रदेश, नेपाल*

**समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

**(प्रकाशित मिति: २०८१/०९/०७)**

यस चौविसे गाउँपालिकामा सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि **८ वटै वडा हेर्ने गरी** तपशिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले मान्यता प्राप्त शिक्षण संस्थाबाट **हेल्थ-असिस्टेन्ट / सि.एम.ए / अ.न.मी.** उत्तीर्ण गरेको, **मोटरसाइकल चलाउँन सक्ने र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान** भएको इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आह्वान गरिएको छ। चौविसे गाउँपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी चौविसे गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

रीत नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिलः

१. **विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १. | २-०८१/८२ | समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता **(फिल्ड कर्मचारी)** | १ |

२. तलव, सुविधा तथा अन्य सेवा शर्तः करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

३. **उम्मेद्वारको उमेरः**

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिने अन्तिम मिति (२०८१/०९/२१) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम मिति (२०८१/०९/२१) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको।

४. **उम्मेद्वारको छनौट विधिः** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र प्रत्यक्ष अन्तर्वार्ता।

५. **फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** चौविसे गाउँपालिकाको कार्यालय राजारानी धनकुटाबाट दरखास्त फारम प्राप्त गरी उक्त फारम भरी चौविसे गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्ने।

६. **परीक्षा दस्तुरः** रू. ५००।-(पाँच सय रुपैयाँ मात्र)।

७. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** चौविसे गाउँपालिकामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारम साथ पेश गर्नु पर्नेछ।

८. **दरखास्त फारम भर्ने मितिः** मिति २०८१/०९/०७ देखी २०८१/०९/२१ सम्म रहनेछ।

९. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः** दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको ३ दिनभित्र टेलिफोन गरी जानकारी गराइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

*Email: chaubisegapa@gmail.com, Website: https://choubisemun.gov.np*
फोन नं. : ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोबाइल नं.: ९८५२०६२४०२, टोल-फ्री नं. : १६६०२६४६००१

*'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझाअभियान'*

# स्थानीय सरकार
# चौविसे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## राजारानी, धनकुटा

प.सं. :- २०८१/८२
च.नं. :-

कोशी प्रदेश, नेपाल

१०.शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाण-पत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०८१/०९/२१) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार चौविसे गाउँपालिकालाई हुनेछ।

१२. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा चौविसे गाउँपालिकाको कार्यालयको टेलिफोन नं ०२६-४११०३३, ९८५२०६२४०२ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**पेश गर्नुपर्ने कागजातहरु**

क. नागरिकताको प्रमाणित प्रतिलिपि।

ख. न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

ग. अनुभवको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि (भएमा)।

घ. सम्बन्धित गाउँपालिकामा स्थायी बसोबासको प्रमाणित प्रतिलिपि।

ङ. अपाङ्गता भएको भए अपाङ्गता परिचय-पत्र प्रतिलिपि।

च. पासपोर्ट साईजको फोटो २ प्रति।

**नोटः उम्मेद्वारले लिखित परीक्षा उतिर्ण गरी अन्तर्वार्ता दिन आउँदा सम्पूर्ण कागजातको सक्कल साथमा लिइ आउँनु पर्नेछ।**

सोभित कुमार तुम्बा
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत